OhioHealth

संघीय गरिबी निर्देशिकाले तोकेका रकम बराबर वा सोभन्दा कम
आय भएका व्यक्तिहरू नि:शुल्क सेवाका लागि योग्य हुन्छन्।
कृपया दायाँपट्टीको तालिका हेर्नुहोस्।
आवेदन दिन पछाडिपट्टी रहेको आवेदन भरेर
614-566-6080 मा फ्याक्स गर्नुहोस् वा आफ्नो आय देखाउने कागजातहरू सहित आवेदन फारामलाई
निम्न ठेगानामा पठाउनुहोस्:

OhioHealth Financial Assistance
L-4312
Columbus OH 43260

संघीय गरिबी निर्देशिकाले तोकेका आयस्तरको 400% वा सोभन्दा कम
आय भएका र अन्य योग्यता पुगेका व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध छ।

| **संघीय गरिबी निर्देशकिा 2023** | |
|---|---|
| परिवारको सङ्ख्या | वार्षिक आयस्तर |
| 1 | $14,580 |
| 2 | $19,720 |
| 3 | $24,860 |
| 4 | $30,000 |
| हरेक थप व्यक्ति | $5,140 |

## आर्थिक सहायताको आवेदन फारम भर्दा विचार पुर्याउनुपर्ने कुराहरू

*कृपया बल पोइन्ट पेनले अक्षर चिनिने गरी लेख्नुहोस्। जेल पेनको प्रयोग नगर्नुहोस्।

*कुनै पनि भर्ने ठाउँमा “N/A” नलेख्नुहोस्।

* सच्याउनका लागि, कृपया गलत जानकारीलाई एउटा लाइनले काट्नुहोस्, सही जानकारी लेख्नुहोस् र सच्याएको ठाउँमा आफ्नो नाम र थरको पहिलो अक्षर लेख्नुहोस्।

| ***भर्ने ठाउँको विवरण*** | ***विवरणहरू*** |
|---|---|
| **नाम/ठेगाना/फोन नम्बर** | बिरामीको नाम, ठेगाना र फोन नम्बर (क्षेत्रिय कोड सहित) |
| **खाता नम्बर** | आवेदनको अघिल्तिर रहेको खाता नम्बर लेख्नुहोस् खाता नम्बर छैन भने उक्त बाकसलाई खाली छोड्नुहोस् |
| **परिवारका सदस्यहरूको नाम** | आफ्नो, आफ्नो जीवनसाथी, आफूसँगै घरमा बस्ने 18 वर्ष मुनिका आफ्ना बालबालिकाहरू (आफ्नै कोखबाट जन्मेका वा धर्म सन्तान) सहित आफ्नै नाता पर्ने परिवारका अन्य सदस्यहरूको नाम लेख्नुहोस् |
| **उमेर** | परिवारका हरेक सदस्यको नामको पछाडि उमेर पनि लेख्नुहोस् |
| **नाता** | व्यक्तिको बिरामीसँग पर्ने नाता लेख्नुहोस् उदाहरणका लागि: आफैं, जीवनसाथी, बच्चा (आफ्नै कोखबाट जन्मेको वा धर्म सन्तान), आदि। |
| **आयस्रोत वा रोजगारदाताको नाम** | यो व्यक्तिको रोजगारदाताको नाम वा आयको अन्य स्रोत लेख्नुहोस्। यसमा बेरोजगारी भत्ता, सामाजिक सुरक्षा भत्ता, VA, पेन्सन, आदि पर्दछन्। |
| **सबै आयस्रोतको काममा नियुक्त भएको/काम सुरू गरेको मिति** | यो काम सुरु गरेको वा यसमा नियुक्ति भएको मिति, वा बेरोजगारी भत्ता, सामाजिक सुरक्षा भत्ता, अवकाश जस्ता विभिन्न लाभहरू प्राप्त गर्न थालेको मिति। |
| **निम्न मितिभन्दा पहिलेको 3 महिनाको आय: सेवा लिएको मिति वा आवेदन दिएको मिति** | सेवा लिएको वा आवेदन दिएको मितिभन्दा पहिले हरेक व्यक्तिले प्राप्त गरेको 90 दिनको कुल रकम लेख्नुहोस्। सेवा लिएको मितिभन्दा 90 दिन पहिलेसम्म कुनै आय भएको छैन भने 0 लेख्नुहोस् |
| **निम्न मितिभन्दा पहिलेको 12 महिनाको आय: सेवा लिएको मिति वा आवेदन दिएको मिति** | सेवा लिएको वा आवेदन दिएको मितिभन्दा पहिले हरेक व्यक्तिले प्राप्त गरेको 12 महिनाको कुल रकम लेख्नुहोस्। सेवा लिएको मितिभन्दा 12 महिना पहिले कुनै आय भएको छैन भने 0 लेख्नुहोस् |

| | |
|---|---|
| **तपाईंले आय उल्लेख गर्नुपर्ने ठाउँमा $0.00 लेख्नुभयो भने, त्यतिन्जेल तपाईंलाई कसरी सहायता प्राप्त भइरहेको थियो वर्णन गर्नुहोस्** | सेवा लिएको मिति वा आवेदन दिएको मितिभन्दा पहिले 3 महिनासम्मको आम्दानी $0.00 हुँदा देखि आफूले प्राप्त गर्ने सहायताका माध्यमहरू (तपाईंलाई सहायता गर्ने व्यक्ति र तिनका फोनम्बरहरू सहित) उल्लेख गर्नुहोस्।<br>उदाहरणका लागि: मलाई मेरा आमाबुवाले सहायता गर्नुभएको थियो – मार्क तथा जेन स्मिथ 614.111.1111 |
| **सम्पत्तिको मूल्य** | चेकिंग खातामा भएको पैसा, बचत, 401K's, 403B's, IRA's, आदि उल्लेख गर्नुहोस्। सबै सम्पत्ति, कार, डुङ्गा, आदि उल्लेख गर्नुहोस्। कुनै सम्पत्ति नभएमा 0 लेख्नुहोस् |
| **मासिक कुल खर्च** | घर/भाडा, कार, जीवनपयोगी सेवा (बिजुली, ग्याँस), खाना आदिमा खर्च हुने कुल रकम। |
| **आवेदकको हस्ताक्षर** | आवेदनमा हस्ताक्षर गरी मिति पनि उल्लेख गर्नुहोस् |

**ध्यान दिनुहोस्: खाता नम्बर आवेदनसँगै पठाइने सबै कागजातहरूको माथि लेख्न नभुल्नुहोस्।**

**कागजातहरूमा स्टयापल नलगाउनुहोस्।**

**यी चरणहरूको पालना गर्न नसक्नाले वा अपूरो आवेदन पठाउनाले प्रक्रियामा ढिलाई हुन सक्छ।**